# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग


## प्रेस विज्ञप्ति

### धितोपत्र बजार विकासका लागि लकडाउनको अवधिमा बोर्डबाट भएका प्रयासहरू र बजार सञ्चालन हुने व्यवस्था सम्बन्धमा ।

कोरोना महामारीबाट सिर्जित लकडाउनको कारण केही महिना यता धितोपत्रको दोस्रो बजार कारोबार बन्द रहेकोमा नेपाल सरकारले लकडाउन केही खुकुलो बनाएको सन्दर्भमा धितोपत्र बजारमा कोरोना महामारीको असर न्यूनिकरण गर्दै हालको विषम परिस्थितिमा बजार सम्बद्धपक्षको मागलाई समेत सम्बोधन हुने गरी बजार सञ्चालन गर्नुपर्ने आवश्यक्ता रहेकोले लगानीकर्ता तथा सम्बद्ध पक्षहरूको सुझावलाई समेत मध्यनजर गरी बजारलाई थप गतिशिल बनाउन बोर्डले देहाय बमोजिमको कार्यहरू अगाडि बढाएको छ।

**धितोपत्र बजारको अवस्था र सुधार सम्बन्धमा उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिमा छलफल तथा निर्देशनः**

माननीय अर्थमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको मिति २०७७०३।०२ को बैठकमा धितोपत्र बजार सम्बन्धी विद्यमान अवस्था र सुधारका विषय तथा लगानीकर्ताहरुको माग सम्बन्धमा छलफल हुँदा नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड लगायत सम्बन्धित निकायहरुले सुधार गर्नुपर्ने कार्यहरु गर्न निर्देशन भएको ।

**धितोपत्रको दोस्रो बजार कारोबार पूर्ण रूपमा यान्त्रिकीकरण सम्बन्धमा**

१. सिडिएससिले सेयर खातामा रहेको सेयर ब्रोकरले परिक्षण गरि आदेश सम्पन्न गर्न प्रक्रिया चाल्न र E-DIS मार्फत् विद्युतीय माध्यमबाटै सेयर ट्रान्सफर हुने व्यवस्था गरिएको।

२. नेप्सेलाई बैंक खाता र सेयर खाता समग्र कारोबार प्रणालीमा आबद्ध गरी सेयर लगानीकर्ताहरूलाई पूर्ण अनलाइन सेवा दिने व्यवस्था गरी जानकारी गराउन पत्राचार गरिएको।

३. नेप्सेबाट सबै लगानीकर्ता, ब्रोकरहरूलाई एक हप्ता अगावै सूचना/विज्ञप्ति जारी गरि बैंक खाता कनेक्ट IPS, User ID, Password आदि कारोबारको लागि चाहिने कुराहरू तयार गर्न सूचित गरिएको।

४. लगानीकर्ताहरूले २०७७ असार मसान्तसम्म सबैले मेरो सेयर खाता खोल्न, युजर आइ डि र पासवर्ड लिन कुनै पनि शुल्क नलाग्ने हुँदा बढि भन्दा बढि लगानीकर्ताले उक्त सुविधा लिन प्रोत्साहन गरिएको।

५. लकडाउन अघि धितोपत्र बिक्री गर्दा अनलाइन मार्फत कारोबार गर्ने लगानीकर्ताहरुको डिम्याट खातामा धितोपत्र रहे/नरहेको सम्बन्धमा कारोबार प्रणाली मार्फत यकिन गर्न सक्ने व्यवस्था रहेकोमा हाल उक्त व्यवस्थालाई परिमार्जन गरी ब्रोकर मार्फत (अफलाइन) कारोबार हुँदा समेत कारोबार प्रणाली मार्फत डिम्याट खातामा धितोपत्र रहे/नरहेको यकिन गर्न सकिने व्यवस्था गरिएको ।


पोष्ट बक्स नं.: ९०३१, जावलाखेल, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५४४०७६, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३

फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np

६. लकडाउन अघि लगानीकर्ताले धितोपत्र बिक्री पश्चात मेरो सेयर मार्फत प्रविष्टि गरेको भारित औषत लागत (WACC) गणना राफसाफ सदस्यहरुले म्यानुअल प्रविष्टि गर्दै आइरहेकोमा हाल राफसाफ सदस्यहरुले म्यानुअल प्रविष्टि नगरी प्रणाली मार्फत एकमुष्ठ रुपमा प्रविष्टि हुन सक्ने व्यवस्था गरिएको ।

**धितोपत्र बजारको पुँजीगत लाभकरको द्विविधा स्पष्ट गरिदिने सम्बन्धमा**

७. प्राकृतिक व्यक्तिहरुले तिरेको पुँजीगत लाभकर अन्तिम करको रूपमा मानिने व्यवस्था गरी आन्तरिक राजश्व विभागले परिपत्र जारी गरी सबै कर कार्यालयहरूलाई २०७७।०३।०४ मा जानकारी गराएको। सो पत्र जानकारीको लागि बोर्डको वेबसाइटमा समेत राखिएको छ।

**स्टक डिलर र संस्थागत लगानी सम्बन्धमा**

८. नागरिक लगानी कोषको अगुवाईमा स्थापना हुन लागेको स्टक डिलर कम्पनीको अनुमतिको लागि बोर्डमा निवेदन प्राप्त भईसकेको छ।

**बुक बिल्डिङ्ग विधि र ब्रोकर कमिशन सम्बन्धमा**

९. सेयर निष्काशन गर्दा बुक बिल्डिङ्ग पद्धतिबाट पनि निष्काशन गर्न सक्ने व्यवस्था मिलाउन कार्यविधि तयार गरी सात दिनको समयभित्र सरोकारवालाहरूलाई कुनै सुझाव भए पेश गर्न अनुरोध गरिएको छ।

१०. ब्रोकरहरूको कमिशनका सम्बन्धमा हालको बजारको अवस्था अध्ययन गरी अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा आवश्यक सुझाव पेश गर्न बोर्डका उप कार्यकारी निर्देशकको संयोजकत्वमा एक समिति गठन भइ अध्ययन कार्य अगाडि बढाइएको छ।

**दोस्रो बजार कारोबारका लागि राखिने धरौटी रकम सम्बन्धमा**

११. लगानीकर्ताले ब्रोकर अफिसमा राखेको २५ प्रतिशत मार्जिन रकम ब्रोकरको स्वामित्वमा रहुन्जेल त्यसको लागत वापतको रकम लगानीकर्तालाई सम्झौता बमोजिम तिर्नुपर्ने कानुनी व्यवस्था थप गरि लगानीकर्तालाई सहज हुने व्यवस्था गरिएको।

**बजार सुचारु रुपमा सञ्चालन गर्न सम्बन्धित पक्षहरु सम्लग्न अध्ययन समिति गठन**

१२. सञ्चालक बोर्डको मिति २०७७।०३।०७ को बैठकले नेपाल सरकारले मिति २०७७।०३।०१ देखि लकडाउन खुकुलो बनाएको र धितोपत्रको दोस्रो बजार कारोबार बन्द भइरहेको सन्दर्भमा हाल के कति कारणले बजार सुचारु रुपमा सञ्चालन हुन नसकेको हो ? समस्या के के छन् र आगामी दिनमा बजारलाई निरन्तर रुपमा सञ्चालन गर्न गराउन तत्कालिन र दीर्घकालीन रुपमा के कस्तो व्यवस्थाहरु गर्न उपयुक्त हुन्छ ? सो सम्बन्धमा सम्बन्धित पक्षहरुलाई समेत संलग्न गराई एक अध्ययन समिति गठन गर्ने निर्णय भएकोमा सोही बमोजिम बोर्डका कार्यकारी निर्देशक, सुपरिवेक्षण तथा अनुसन्धान विभाग, संयोजक, उप कार्यकारी निर्देशक, नीति, अनुसन्धान तथा योजना महाशाखा, सदस्य, उपकार्यकारी निर्देशक, धितोपत्र बजार, सिडिएस तथा कोष सुपरीवेक्षण महाशाखा, सदस्य सचिव, प्रतिनिधि, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, प्रमुख, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, सदस्य र प्रतिनिधि, स्टक ब्रोकर एशोसियसन अफ नेपाल सदस्य रहने गरी गठित

समितिले लगानीकर्ता संघका अध्यक्षहरुलाई समेत आमन्त्रण गरी कारोवार गर्ने सम्बन्धमा उनीहरुका कठिनाई तथा माग समेत बुझी लकडाउनको अवधिमा बजार सुचारु गर्नका लागि आवश्यक बजार सुधार सम्बन्धी कार्यहरुको समिक्षा गरी बोर्डमा पेश गरिएको अध्ययन प्रतिवेदन मिति २०७७।०३।१४ को सञ्चालक बोर्डमा पेश भएकोमा सो सम्बन्धमा छलफल भई प्रतिवेदनमा समावेश सुझावहरु समेत यथासमयमा पूरा गर्दै जाने र धितोपत्रको दोस्रो बजार २०७७।०३।१५ देखि आवश्यक व्यवस्थाहरु गरी सुचारु गर्न बोर्ड व्यवस्थापनबाट नेप्सेलाई निर्देशन दिने निर्णय भएको छ ।

तसर्थ, धितोपत्र बजारमा उपरोक्त सुधारहरू भै अन्य सुधारहरू पनि क्रमशः हुँदै जाने हुँदा बजारमा लगानीको अवसरलाई सुचारु राख्न मिति २०७७।०३।१५ देखि देहाय बमोजिम हुने गरी धितोपत्र दोस्रो बजार कारोबा सञ्चालन गर्ने व्यवस्था गरिएको व्यहोरा सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ।

(क) दोस्रो बजार कारोवारमा स्थायित्व ल्याउने गरी कारोबार समय, सर्किट ब्रेक र मूल्य सीमा सम्बन्धी उपयुक्त व्यवस्था गरी नेप्सेले बजार सुचारु गर्ने व्यवस्था मिलाउने।

(ख) लगानीकर्ताहरूले सेयर खाताको सेयर ट्रान्सफर र रकम ट्रान्सफर गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न प्रोत्साहित गरिएको छ।

(ग) बजारमा संलग्न हुने लगानीकर्ता, ब्रोकर, नेप्से, सिडिएससि, मर्चेन्ट बैंकरले यस अघि जारी भएको कोभिड-१९ सुरक्षाका उपायहरू पालना गरी कारोबार गर्नु पर्नेछ।

(घ) धितोपत्र बजार सम्बद्ध संस्थाहरूले उपयुक्त स्वास्थ्य सुरक्षा विधिहरू नअपनाई कार्यालय खोलेको पाइएमा त्यस्ता संस्था उपर कारवाही हुनेछ।

(ङ) अर्को व्यवस्था नहुन्जेल स्टक ब्रोकरहरूले लगानीकर्ताहरूका लागि Screen Room सञ्चालन गर्न पाउने छैनन्।

(च) लगानीकर्ताहरुले हालसम्म गरिएका व्यवस्था बमोजिम घरैबाट कारोवार गर्न सक्ने व्यवस्था गरिएको हुंदा ब्रोकरहरुसंग सम्पर्क गरि सकेसम्म घरैमा बसी कारोवार गर्न प्रोत्साहित गरिएको छ ।

बोर्डबाट चालिएका उल्लेखित कदमहरूको कार्यान्वयनबाट कोभिड-१९ को महामारीका कारण धितोपत्र बजारमा परेका असर न्यूनीकरण भइ आगामी दिनमा धितोपत्रको दोस्रो बजार कारोबार सहज रूपमा संचालन हुने बोर्डको अपेक्षा रहेको छ।

मितिः २०७७।०३।१४

(निरज गिरी)
प्रवक्ता